प्रहरी कल्याण कोष पेट्रोल पम्प
स्थापित
२०८२
पोखरा, कास्की

नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प
पोखरा कास्की ।
ग्रोसरी सप सञ्चालन सम्बन्धी प्रस्ताव पुस्तिका

आ.व.२०८२/०८३

(प्रथम पटक प्रकाशित मिति २०८२।०९।२१ गते)

सम्पर्क ठेगाना

प्रहरी कल्याण कोष पेट्रोल पम्प
पोखरा कास्की ।
मोबाईल नं.:९८५६०१७९८८
९८५१२८४०२४
ईमेल : petrolpumppokhara@nepalpolice.gov.np

प्रस्ताव फारम दस्तुर :- ने.रु. १,०००।– अक्षरेपी (एक हजार रुपैयाँ) मात्र
प्रस्ताव पत्र विक्री नं.:
प्रस्ताव पत्र खरिदकर्ता :...

स्थापित २०८२ प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा, कास्की

बिषय सुची

क्र.स.	बिवरण
१	प्रस्ताव आव्हानको सूचना
२	प्रस्ताव सम्बन्धी शर्तहरु
३	सम्झौताको नमूना
४	मूल्य सूची

नोट : यो प्रस्ताव पत्र खरिद गरी पेश गर्ने प्रस्तावदाताले यस प्रस्ताव सम्बन्धी कागजात पुस्तिकाको क्र.स. ४ मा रहेको मूल्य सूची फाराम सफा र स्पष्टसँग भरी पेश गर्नु पर्नेछ । केरमेट गरेको ठाउँमा हस्ताक्षर गरी छाप लगाउनु पर्नेछ ।

मिति २०८२।०९।२१ गते ढोरपाटन दैनिक पत्रिकामा प्रकाशित सूचना

प्रहरी कल्याण कोष पेट्रोल पम्प

पोखरा,कास्की

सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित : मिति २०८२।०९।२१ गते)

प्रहरी कल्याण कोषद्वारा सञ्चालित यस प्रहरी कल्याण कोष पेट्रोल पम्प, पोखरामा ग्रोसरी सप संचालन गर्न दरभाउपत्रको माध्यमद्वारा विभिन्न फर्म/कम्पनीहरुलाई प्रतिस्पर्धाद्वारा सञ्चालन गर्न दिन सिलबन्दी प्रस्ताव पेश गर्न सूचना प्रकाशित गरिएको छ,आवेदन फाराम तथा अन्य सर्तहरुसँग सम्बन्धित विस्तृत विवरण नेपाल प्रहरीको website:gandaki.nepalpolice.gov.np मा राखिएको छ, इच्छुक योग्य फर्म/कम्पनीलाई यो सूचना प्रकाशित मितिले १५ दिनभित्र प्रस्तावपत्र खरिद गरी नियमानुसार यस कार्यालयमा पेश गर्न हुन आह्वान गरिन्छ ।

१.प्रस्ताव आह्वानको सूचना

प्रहरी कल्याण कोष पेट्रोल पम्प
स्थापित
२०८२
पोखरा, कास्की

प्रहरी कल्याण कोष पेट्रोल पम्प
पोखरा कास्की
(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०९।२१ गते)
चमेना गृह सञ्चालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको हाता भित्र रहेको ग्रोसरी सप व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने भएकाले आधुनिक ग्रोसरी सप सञ्चालन व्यवस्थापन सम्बन्धी अनुभव प्राप्त इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् मिति २०८२।१०।०६ गते भित्र प्रस्ताव पत्र खरिद गरी १६ औं दिन अर्थात् मिति २०८२।१०।०७ गतेको १२:०० बजे भित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन आह्वान गरिएको छ।

१) सिद्धार्थ बैङ्क लि.को नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको नाममा रहेको खाता नं. ५५५१००७०३५९ मा रु. १,०००।– (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर प्रहरी कल्याण कोष पेट्रोल पम्पमा बुझाइ प्रस्ताव पत्र खरिद गर्न सकिनेछ।

२) ग्रोसरी सप संचालन सम्बन्धि "प्रस्तावदाताले पालना गर्नुपर्ने शर्तहरु" विस्तृत विवरण प्रस्ताव पत्रमा उल्लेख गरिएको छ।

३) सम्झौताको अवधि दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि ३ महिनाको परीक्षणकाल सहित २ बर्ष अवधिको रहनेछ।

४) भाडा प्रस्ताव पेश गर्दा मासिक भाडा रकम खुलेको निवेदन, नेपाली नागरिकताको प्रतिलिपि (संस्था/फर्म भएमा फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत), व्यवसाय संचालन योजना, लगायत आफूले कबोल गरेको मासिक भाडाको २ (दुइ) वर्ष बराबरको १०% रकम सिद्धार्थ बैङ्क लि. को प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको नाममा रहेको खाता नं. ५५५१००७०३५९ मा जम्मा गरेको सक्कल भौचर लगायतका कागजातहरु अनिवार्य रुपमा संलग्न गरी सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

५) तोकिएको म्याद भित्र दर्ता हुने प्रस्तावहरु १६ औं दिन मिति २०८२।१०।०७ गते १४:०० बजे प्रहरी कल्याण कोष पेट्रोल पम्प,पोखरामा खोलिनेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा प्रस्ताव खोलिनेछ।

६) प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरामा सुरक्षित रहनेछ। प्रस्ताव सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा वा स्थान अवलोकन गर्न चाहेमा कार्यालय समय भित्र प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको मोबाईल नं. ९८५६०१७९८८ मा सम्पर्क गर्न सकिने छ।

क्र.स.२. प्रस्ताव सम्बन्धी शर्तहरु

स्थापित २०८२ प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा, कास्की

पृष्ठभूमि :
प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको हातामा रहेको ग्रोसरी सप बाट सुपथ मुल्यमा प्रहरी अधिकृत, जवान तथा आगन्तुकहरुलाई ग्रोसरी सामानहरु सहुलियत दरमा सेवा प्रदान गर्ने उद्देश्यले ग्रोसरी सप सञ्चालन गर्नको लागि यो प्रस्ताव पुस्तिका तयार पारिएको छ ।

प्रस्ताव सम्बन्धी सर्तहरु :

१. प्रस्ताव पेश गर्ने :

१.१ प्रस्तावदाताले एक प्रति सक्कल प्रस्ताव पत्र सहितको कागजात तयार गर्नु पर्नेछ, प्रस्तावपत्रको प्रत्येक पृष्ठमा अख्तियार प्राप्त व्यक्तिले सही गरेको हुनु पर्नेछ, जसलाई प्रस्ताव सम्बन्धी फाराम र मूल्य सूचिसंगै संलग्न गरी खाममा सिलबन्दी गरी खामको बाहिर स्पष्ट रुपमा **ग्रोसरी सप सञ्चालन सम्बन्धी प्रस्ताव** भन्ने खुलाई **(प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरालाई सम्बोधन गरी मिति २०८२/१०/०६ गते १२:००** वजे भित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । **(सो दिन कारणवस सरकारी बिदा परेमा सो को भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा प्रस्ताव पेश गर्नु पर्ने छ)**

१.२ प्रस्तावको प्रत्येक पेजमा नउड्ने मसीले टाइप गरी वा लेखी प्रस्तावदाता वा प्रस्तावदाताको तर्फबाट रितपूर्वक अख्तियारी प्राप्त गरेको व्यक्तिले सहीछाप गरेको हुनुपर्छ । त्यसरी दिइएको अख्तियारी समेत प्रस्ताव पत्र संगै पेश गर्नु पर्नेछ ।

१.३ प्रस्ताव स्वीकृत गर्ने/नगर्ने आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरामा सुरक्षित हुनेछ । सम्झौता गर्दाका बखत शुरुमा आवश्यकताको सूचीमा तोकिएको ग्रोसरी सामानहरुको सूची थपघट गर्न पाउने अधिकार प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरामा सुरक्षित रहनेछ ।

१.४ करार सम्पन्न हुनुभन्दा पहिले कुनै पनि बखत करार स्वीकृत वा अस्वीकृत गरेको कारणबाट प्रभावित प्रस्तावदाता उपर कुनै दायित्व सृजना नहुने गरी वा प्रभावित प्रस्तावदाताहरुलाई जानकारी गराउनु पर्ने कुनै जिम्मेवारी विना कुनै प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने र प्रस्ताव सम्बन्धी प्रक्रृया नै रद्ध गर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरामा रहनेछ ।

१.५ म्याद भित्र दर्ता नभएको तथा रितपूर्वक नभएको प्रस्ताव उपर सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । "प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराले प्रस्ताव प्रकृयाको कागजातमा संशोधन गरी प्रस्ताव दाखिला गर्ने म्याद थप गर्न सक्नेछ र थप गरिएको म्याद नै अन्तिम म्याद कायम हुनेछ ।"

१.६ प्रस्तावको तयारी र दाखिला गर्दा लाग्ने सम्पूर्ण खर्च प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ र प्रस्ताव प्रक्रियाको संचालन वा परिणाम जे जस्तो भए पनि प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराले त्यस्तो खर्चको जिम्मेवारी बहन गर्ने छैन ।

१.७ निर्देशन फाराम, शर्त, स्पेसिफिकेशन, लगायतका प्रस्ताव सम्बन्धी कागजात प्रस्तावदाताले जाँच गर्नुपर्छ र प्रस्ताव सम्बन्धी कागजात अनुरुपका सम्पूर्ण कागजात पेश नभएमा वा सारभूत रुपमा प्रभावग्राही नभएको प्रस्ताव दाखिला भएमा त्यस्तो प्रस्ताव अस्वीकृत हुन सक्नेछ ।

१.८ प्रस्तावदाताले तयार पारेको प्रस्ताव र प्रस्तावदाता तथा प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा बीचमा प्रस्तावका सम्बन्धमा हुने सम्पूर्ण पत्राचारको भाषा **नेपाली वा अंग्रेजी** हुनेछ ।

प्रहरी कल्याण कोष पेट्रोल पम्प
स्थापित
२०८२
पोखरा, कास्की

२. प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरासँग सम्पर्क:

(क) कुनै पनि प्रस्तावदाताले प्रस्ताव खोले देखि करार (सम्झौता) सम्पन्न नहुँदासम्म प्रस्तावको कुनै कुराको सम्बन्धमा प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरासँग सम्पर्क गर्न सक्ने छैन, प्रस्तावदाताले प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको जानकारीमा कुनै थप कुरा ल्याउन चाहेमा निजले सो कार्य लिखित रुपमा गर्नुपर्नेछ।

(ख) प्रस्ताव मूल्याङ्कन, तुलना वा करार सम्पन्न गर्ने निर्णयमा प्रस्तावदाताले प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरालाई कुनै पनि प्रकारको दवाव दिने प्रयत्न गरेमा त्यस्तो प्रस्तावदाताको प्रस्ताव अस्वीकृत गर्न सकिनेछ।

३. प्रस्तावदाताहरुको आचरण :–

प्रस्तावदाताले खरिद प्रक्रियाको कार्यान्वयन वा खरिद सम्झौतामा प्रभाव पार्ने नियतले देहायका कार्यहरु गर्नु वा गराउन हुदैन :–

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै अनुचित प्रलोभन दिन वा सो को प्रस्ताव गर्न,

(ख) तथ्य बंग्याई वा झुक्याई पेश गर्न,

(ग) भ्रष्टाचारजन्य वा जालसाजपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,

(घ) अन्य प्रतिस्पर्धी प्रस्तावदाताहरुको सहभागीतामा हस्तक्षेप गर्न,

(ङ) प्रतिस्पर्धामा संलग्न रहेको कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,

(च) प्रस्तावदाताहरु बीच मूल्य कृत्रिम वा अप्रतिस्प्रधी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उद्देश्यले प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,

(छ) प्रस्ताव खोलेको समय देखि स्वीकृतिको सूचना नदिंदासम्मको अवधिमा प्रस्तावका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसंग सम्पर्क गर्न वा प्रस्तावको परीक्षण र मूल्याङ्कनमा कुनै किसिमले प्रभाव पार्ने कार्य गर्न,

४. प्रस्तावदाताहरुलाई कालो सूचीमा राख्ने:–

(क) यस करार अन्तर्गत प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको अन्य अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई कुनै प्रस्तावदातालाई निजले गरेको निम्न कार्यहरुको गम्भिरता हेरी कालो सूचीमा राख्न सिफारिस गर्न सक्नेछ:–

(१) प्रस्तावदाताले आचरण विपरीत कार्य गरेको प्रमाणित भएमा,

(२) सफल प्रस्तावदाता सम्झौता गर्न नआएमा, (धरौटी वापतको रकम समेत जफत हुने)

(३) सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा सञ्चालन सम्झौता बमोजिमको कार्य सो सम्झौता अनुसार गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा, प्रस्तावदाता करारमा सहभागी हुनबाट अयोग्य हुनेगरी फौज्दारी कसूरमा अदालतवाट कसुरदार ठहरिएको भएमा,

(४) सञ्चालन सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौज्दारी कसुरमा अदालतवाट दोषी ठहरिएमा,

(५) योग्यता ढाटी वा झुक्याई खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा,

(६) प्रस्ताव सम्बन्धी कागजात वा यस निर्देशनमा उल्लेख भएका कुराहरुको विरुद्दको कार्य गरेमा।

(ख) नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालो सूचीमा राखी अयोग्य घोषित गरेको प्रस्तावदाता तोकेको अवधिसम्म खरिद कार्यमा भाग लिन अयोग्य हुनेछ।

प्रहरी कल्याण कोष पेट्रोल पम्प
स्थापित २०८२
पोखरा, कास्की

५. प्रस्ताव खोल्ने :–

तोकिएको समय भित्र रितपूर्वक पेश भएका प्रस्तावहरु **मिति २०८२/१०/०६ गते १४:०० वजे (सो दिन कारणवस सरकारी बिदा परेमा सो को भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा)** प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरामा गठित मूल्याङ्कन समिति समक्ष खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. योग्य प्रस्तावदाता :–

६.१ प्रस्ताव आव्हानको सूचनामा उल्लेख भए अनुसार सम्पूर्ण योग्य प्रस्तावदाताहरुको लागि यो प्रतिस्पर्धा खुला रहने छ ।

६.२ नेपाल सरकारको स्वामित्व भएका प्रतिष्ठानहरु कानूनी तथा आर्थिक रुपमा स्वायत्त भएमा, तिनीहरु वाणिज्य कानून अन्तर्गत संचालित भएमा र प्रहरी कल्याण कोष उपर निर्भर नभएमा मात्र प्रस्ताव प्रकृयामा संलग्न हुन सक्नेछन् ।

६.३ प्रस्तावदाता भ्रष्टाचार र जालसाजपूर्ण कार्यका कारण नेपाल सरकारबाट अयोग्य घोषित भएको हुनु हुदैन ।

७. एउटा प्रस्तावदाताले एउटा मात्र प्रस्ताव पेश गर्नुपर्नेः–

एक जना प्रस्तावदाताले एउटा कार्य व्यक्तिगत रुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एक मात्र प्रस्ताव पेश गर्नुपर्नेछ ।

८. संयुक्त उपक्रमबाट पेश भएको प्रस्तावः–

प्रस्ताव सम्बन्धी सूचनामा अन्यथा उल्लेख भएकोमा बाहेक दुई वा दुई भन्दा बढी फर्महरु साझेदार भई पेश गरेको बोलपत्रले देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ :–

(क) सबै साझेदारहरुलाई कानूनी रुपमा बन्धनकारी हुने गरी निजहरुले प्रस्तावमा सही छाप गरेको हुनुपर्ने,

(ख) करारका शर्त बमोजिम करारको कार्यान्वयनका लागि सम्पूर्ण साझेदारहरु संयुक्त र पृथक रुपमा उत्तरदायी हुनुपर्ने,

(ग) साझेदारहरु मध्ये एक जना मुख्य भई कुनै एक वा सबै साझेदारको लागि वा साझेदारका तर्फबाट दायित्व सिर्जना गर्न वा निर्देशन प्राप्त गर्न मनोनयन गरिएको हुनुपर्नेछ र यो अख्तियारीको प्रमाण स्वरुप सबै साझेदारहरुले कानूनी रुपमा सहीछाप गरेको वारेसनामा पेश गर्नुपर्ने,

९. प्रस्ताव फाराम :–

९.१ प्रस्तावदाताले ग्रोसरी सप सञ्चालन हुने स्थानको स्थलगत अवलोकन गरी आन्तरिक डिजाइन, भित्रि सजावट, फर्निचर व्यवस्था तथा सम्पूर्ण व्यवस्थापन सम्बन्धी विस्तृत योजना सहितको विवरण पेश गर्नु पर्नेछ ।

९.२ प्रस्तावकले पेश गरेको आन्तरिक डिजाइन, भित्रि सजावट, फर्निचर व्यवस्था तथा सम्पूर्ण व्यवस्थापनको योजनाको आधारमा आवश्यक निर्माण कार्य, थप फर्निचर तथा अन्य भौतिक तयारीको आवश्यकता देखिएमा सो को व्यवस्था प्रस्तावक स्वयमंले गर्नुपर्ने छ ।

१०. बोल कबोल मूल्यः–

(क) प्रस्तावदाताले प्रस्ताव पत्रको सूचीमा उल्लेख गरिएका ग्रोसरी सामानहरुको परिमाण सहितको मूल्य सूची भरी दाखिला गर्नु पर्नेछ ।

(ख) करार सम्पन्न भए पश्चात करारमा उल्लेखित ग्रोसरी सामानहरुको मूल्यहरु करार अवधिभर लागु हुनेछ । विशेष परिस्थिति भई बजार भाउ थपघट भएमा औचित्य पुष्टि गरी आपसी सहमतिमा मूल्य समायोजन गर्न सकिनेछ ।

प्रहरी कल्याण कोष पेट्रोल पम्प
स्थापित
२०६२
पोखरा, कास्की

(ग) अंक र अक्षरमा प्रष्ट उल्लेख गरी प्रति इकाई मूल्य खुलाई पेश गर्नु पर्नेछ । **(अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ)** ।

(घ) प्रस्तावदाताले पेश गर्ने कागजात अन्य भाषामा मुद्रित भएमा सो कागजात सम्बन्धित देशको आधिकारीक संस्थाबाट अंग्रेजी भाषामा अनुवाद भएको हुनुपर्ने ।

"हाम्रो जानकारीमा आएसम्म र विश्वास भएसम्म हामीले माथि उल्लेख गरेको विवरण र जानकारी गराएका कुराहरु पूर्ण र सत्य छन् ।"

११. प्रस्तावदाताले पेश गर्नु पर्ने कागजातहरु :–

प्रस्तावदाताले प्रस्ताव फाराम साथ निम्न बमोजिमका प्रमाणित कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ :–

(क) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई सम्बन्धित काममा ईजाजत प्राप्त अद्यावधिक भएको फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र प्रतिलिपि ।

(ग) आ.व. २०८१।८२ सम्मको सम्वन्धित कर कार्यालयबाट करचुक्ता गरेको प्रमाणपत्र प्रतिलिपि ।

(घ) नागरिकताको प्रतिलिपि ।

(ङ) प्रस्तावदाताले सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ५ नियम ४० उपनियम (२) ङ बमोजिम खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र ।

(च) कार्यालयले तोकेको न्यूनतम मासिक भाडाको तीन महिना बराबरको रकम **ने.रु.२०,८४७।७५ अक्षरेपी (बिस हजार आठ सय सडचालिस पैसा पचहत्तर) मात्र** नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको सिद्धार्थ बैङ लि.मा रहेको खाता नं. ५५५१००७०३५९ मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी पेश गर्नु पर्नेछ **(प्रस्तावकले कार्यालयले तोकेको मासिक भाडा दर भन्दा अधिक कबोल गरेमा सोहि अनुसारको रकम जम्मा गर्नु पर्नेछ)** ।

(छ) माथि उल्लेखित सम्पूर्ण कागजातहरु सहित रितपूर्वक पेश भएका प्रस्तावहरु मात्र मूल्याङ्कनमा समावेस गरिनेछ ।

१२. मूल्याङकन प्रक्रिया, आधार र योग्यताक्रम

मूल्याङकन गर्दा निम्न आधारहरुलाई क्रमश प्राथमिकतामा राखी मूल्याङकन गरिनेछ ।

१२.१ व्यवस्थापन प्रणाली प्रस्तावित योजना

- जनशक्ति परिचालन योजना
- उपलव्ध स्थानको अधिकतम उपयोग योजना
- गुणस्तरिय सामानहरु खरिद तथा बिक्री योजना

१२.२ संचालन अनुभव तथा योग्यता

१२.३ सामानहरुको मूल्य सूची

प्रस्ताव पत्रमा तोकिएको भन्दा बढी कबोल गरेको भाडा रकम तथा उल्लेख गरिएका सामानहरुको पेश गरेको न्युनतम दर रेटलाई मात्र मूल्याङकनको आधार मानिने छ ।

१३. प्रस्ताव स्वीकृत गर्ने र सम्झौता गर्ने

१३.१ मूल्याङ्कनमा प्रभावग्राही भई छनौट भएको प्रस्तावदातालाई निजको प्रस्ताव स्वीकृत भए पछि सम्झौता गर्न आउन ७ दिने सूचना जारी गरिनेछ ।

१३.२ सम्झौता भए पश्चात चमेना गृह सञ्चालनको लागि कार्य आदेश जारी गरिनेछ ।

१३.३ प्रस्ताव स्वीकृत भई सम्झौता गरेपश्चात शर्त नं.१३.२ अनुसारको कार्यादेश बमोजिम चमेना गृह सञ्चालन गर्नु पर्नेछ ।

१३.४ ग्रोसरी सप सञ्चालनको लागि आवश्यक जनशक्ति, उपकरणहरु फ्रिज लगायतका आवश्यक उपकरणहरुको व्यवस्था तथा ग्रोसरी सप सञ्चालन व्यवस्थापनमा हुने सम्पूर्ण खर्च प्रस्तावदाता स्वंयले व्यहोर्नु पर्नेछ ।

१३.५ स्वीकृत प्रस्तावदातासंग ३ महिनाको परीक्षणकाल रहने गरी २ (दुई) बर्षको करार सम्झौता गरिनेछ ।

१४. निरीक्षण र जाँच :–

१४.१ ग्रोसरी सप सञ्चालन भए पश्चात आवश्यक निरीक्षण र जाँच यस कार्यालय तथा आवश्यक ठानिएका अन्य सम्बन्धित प्राविधिक टोलीबाट हुनेछ । उक्त टोलीको निर्देशन बाध्यकारी हुनेछ ।

१५. खाद्य सामानको गुणस्तर :

१५.१ प्रस्तावदाताले उपलव्ध गराउने खाद्य सामाग्रीहरु अनिवार्य रुपमा उच्च गुणस्तर, तथा स्वास्थ्य बर्धक हुनु पर्नेछ ।

१६ मासिक भाडा रकम

१६.१ नियमानुसार लाग्ने १० प्रतिशत घर बहाल कर संचालकले व्यहोर्ने गरि **मासिक न्युनतम भाडा रकम ने.रु. ७,६४४।१८ अक्षेरुपी (सात हजार छ सय चवालिस पैसा अठार) मात्र** कायम गरिएको छ ।

१७. अन्य व्यहोरा :–

१७.१ ग्रोसरी सपमा राखिने सामानहरु उच्च गुणस्तरको हुनु पर्नेछ।

१७.२ ग्रोसरी सपमा के कस्ता सामानहरु राख्ने योजना तथा कार्य तालिका पेश गर्नु पर्नेछ ।

१७.३ नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा कास्कीको प्रमुख उद्धेश्य आफ्ना हिताधिकारीहरुलाई न्यूनतम मूल्यमा गुणस्तरिय सेवा सुबिधाहरु प्रवाह गर्ने रहेको हुंदा शर्त नं.१२ बमोजिमको योग्यताक्रम लाई आधार मानी सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुको प्रस्तावहरुलाई मात्र Short List गरि मूल्याङकन गरिनेछ ।

१७.६ **मिति २०८२।१०।०७ गते १४:०० बजे** नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा कास्कीमा Pre-Bid Meeting गरिनेछ ।

१७.७ यस प्रस्ताव सम्बन्धि कागजातमा उल्लेख नभएका अन्य कुराहरु तथा सम्पूर्ण प्रकृयाहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१७.८ मूल्याङकनको क्रममा नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखराको गठित समितिबाट खाध्य सामाग्रीहरुको गुणस्तर परीक्षण गरी मूल्याङकनको योग्यताक्रममा समावेश गर्न सक्नेछ ।

उपरोक्त शर्त नं. १ देखि शर्त नं. १७.८ सम्म उल्लेख भएका सम्पूर्ण कुराहरु अध्ययन गरी सो कुरा पूर्णरुपमा पालना गरी यो प्रस्ताव पेश गरेको छु / छौ । कुनै त्रुटि पाईएमा कानुन बमोजिम हुन मञ्जुर छु/छौ भनि सहिछाप गर्ने

प्रहरी कल्याण कोष पेट्रोल पम्प
स्थापित
२०८२
पोखरा, कास्की

क्र.स. ३ सम्झौताको नमुना

खरिद सम्झौताको सर्त र नमूना :–

नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा कास्कीको हाता भित्र रहेको भवनमा प्रहरी ग्रोसरी सप संचालन गर्ने सम्बन्धमा नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा कास्कीबाट अख्तियार प्राप्त ....र...............................का तर्फबाट अख्तियार प्राप्त श्री ....वीच भएको सम्झौता पत्र

नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा कास्कीको हाता भित्र रहेको भवनमा प्रहरी ग्रोसरी सप संचालनको लागि मिति २०८२।१०।२१ मा नयाँ पत्रिका दैनिकमा सूचना प्रकाशन गरी आवेदन भर्नेहरु मध्येबाट सारभुत रुपमा प्रभावग्राही रहेको .... लाई सुपथ मुल्यमा प्रहरी ग्रोसरी सप संचालन गरी गुणस्तरीय सामान उपलब्ध गराउने सम्बन्धमा तपसिलमा उल्लेखित शर्तहरु बमोजिम गर्न गराउन दुवै पक्ष मञ्जुर भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं।

१. सम्झौताका पक्षहरु

(क) नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरा कास्की (प्रहरी कल्याण कोष) (प्रथम पक्ष)

(ख) .... (द्धितिय पक्ष)

२. सम्झौता अवधि

यो सम्झौताको अवधि दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि ३ महिनाको परिक्षणकाल सहित २ (दुई) बर्ष सम्मका लागि हुनेछ। दुवै पक्षको आपसी सहमतिबाट सम्झौताको अवधी थप गर्न सकिनेछ।

३. ग्रोसरी सञ्चालन गर्ने क्षेत्र

नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प, पोखराको हाता भित्र रहेको भवनमा प्रथम पक्षले तोकि दिएको क्षेत्रमा ग्रोसरी सप संचालन गर्नुपर्नेछ।

४. ग्रोसरी सप सञ्चालन समयावधी

क) पेट्रोल पम्प खुल्ला रहने अवधी सम्म।

५. संचालन शूल्क

प्रहरी ग्रोसरी सप संचालन गरे वापत न्युनतम संचालन शूल्क स्वरुप ने.रु.७,६४४।१७ अक्षरुपी (सात हजार छ सय चवालिस पैसा सत्र) मात्र प्रत्येक महिनाको अग्रिम रुपमा दोश्रो पक्षले प्रथम पक्षलाई बुझाउनु पर्ने छ।

प्रहरी कल्याण कोष पेट्रोल पम्प स्थापित २०८२ पोखरा, कास्की

६. सम्झौताको शर्तहरु

६.१ प्रत्येक शर्तहरुको पालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

६.२ यो सम्झौता पत्र दुवै पक्षको (प्रथम तथा द्धितिय पक्ष) सहमतिमा हस्ताक्षर भएको दिन देखि लागु हुनेछ । प्रथम पक्षले तोकिदिएको स्थानमा सम्झौतामा उल्लेखित भए बमोजिमको समयका लागि दोस्रो पक्षले हप्तामा सातै दिन ग्रोसरी सप संचालन गर्नुपर्नेछ ।

६.३ दोस्रो पक्षलाई प्रहरी ग्रोसरी सप संचालनका लागि थप कोठाहरु तथा स्थान आवश्यक परेमा सो सम्बन्धमा प्रथम पक्षले निर्णय गरे बमोजिम हुनेछ ।

६.४ ग्रोसरी सप संचालनको लागि आवश्यक पर्ने फर्निचर स्वयंमले व्यहोर्नु पर्ने छ ।

६.५ प्राकृतिक प्रकोप लगायत अन्य भवितब्यबाट भएको क्षति देखि बाहेकको अवस्थामा प्रहरी ग्रोसरी सपको भवन आदिको मर्मत कार्य दोस्रो पक्षले नियमित रुपमा गर्नु पर्नेछ ।

६.६ प्रहरी ग्रोसरी सपसंग सम्बन्धित दोस्रो पक्षका सम्पुर्ण कर्मचारीहरुको व्यक्तिगत बिवरण अनिवार्य रुपमा प्रथम पक्षलाई उपलव्ध गराउनु पर्नेछ । प्रचलित कानून बमोजिम फौजदारी अभियोग लागेका र १८ बर्ष नपुगेका कुनै पनि नावालकलाई दोस्रो पक्षले काममा लगाउन पाउने छैन ।

६.७ दुवै पक्ष बिच भएको सम्झौताको आधारमा पेट्रोल पम्प परिसरमा "प्रहरी ग्रोसरी सप" को नामबाट ग्रोसरी सप संचालन हुने छ । दोस्रो पक्षले ग्रोसरी सपबाट उपलव्ध गराउने सर-सामानहरु पूर्णरुपमा गुणस्तरीय एवं Health and Safety लाई सुनिश्चित गर्नु पर्नेछ ।

६.८ प्रहरी ग्रोसरी सपले उपलब्ध गराउने खाध्य सामाग्रीहरु लगायतका सेवा तथा सुबिधाहरुको गुणस्तर परीक्षण प्रत्येक महिनामा गण्डकी प्रदेश प्रहरी अस्पतालको Nutrition Doctor तथा बिशेष अनुगमन समितीले गर्न सक्ने छ । निरीक्षण तथा अनुगमनका क्रममा गुणस्तर हिन पाईएमा, Food Hygienic नभएमा, अखाद्य वस्तुको बिक्री गरेको पाईएमा, सरसफाइमा लापरवाहि भएको पाईएमा आवश्यक सुधार गर्न समय सीमा दिई पहिलो पक्षले दोस्रो पक्षलाई लिखित रुपमा सचेत गराउन सक्ने छ । यसरी सचेत गराउँदा पनि दोस्रो पक्षवाट उपरोक्त उल्लेखित बिषयहरुमा कुनै सुधार नगरिएमा पहिलो पक्षले सुचना दिई संचालन सम्बन्धी सम्झौता रद्द गर्न सक्नेमा दुबै पक्ष मन्जुर गर्दछन ।

६.९ प्रहरी ग्रोसरी सप संचालनको लागि आवश्यक पर्ने विद्युत, पानी लगायतका खर्च दोश्रो पक्ष स्वयमले आफ्नै नाममा मिटर जडान गरि व्यहोर्नु पर्नेछ ।

६.१० प्रहरी ग्रोसरी सपमा सबैले देख्ने गरी सम्झौता पत्रमा उल्लेख गरिए बमोजिमको मुल्य सूचि टांस गरि राख्नु पर्नेछ । साथै दोश्रो पक्षले सोही दर रेटमा खाना खाजा सेवा प्रदान गर्नु पर्ने छ।

६.११ ग्रोसरी सपमा काम गर्ने कर्मचारीहरुलाई प्रवेशका लागि आवश्यक परिचय पत्रको प्रबन्ध प्रथम पक्षले गर्नेछ ।

६.१२ ग्रोसरी सपको सरसफाई तथा ग्रोसरी सपको फोहोरको उचित व्यबस्थापन दोश्रो पक्ष स्वयमले गर्नु पर्नेछ ।

६.१३ दुवै पक्षले एक अर्कालाई सहयोगात्मक भावना राखी कार्य गर्नेछन, चमेना गृह संचालनका बिषयमा कुनै पनि समन्वय गर्न दुबै पक्षबाट समन्वयकर्ताहरु तोकिने छ, दुवै पक्ष बिच कुनै विषयमा कुनै समस्या आई परेमा दुवै पक्ष आपसमा बसी छलफल गरी समस्याको निराकरण गरिने छ ।

६.१४ दोस्रो पक्षले सवै सेवाग्राहीहरुसंग मैत्रीपुर्ण व्यवहार गर्नुपर्नेछ, कुनै ग्राहकवर्गबाट अभद्र व्यवहार भए गरेको पाईएमा यथासिघ्र प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ । यस्तो ब्यवहार गर्ने माथि प्रचलित ऐन नियम बमोजिम कारवाही गरीने छ ।

६.१५ ग्रोसरी सप संचालकले अनिवार्य रुपमा उजुरी पेटिका तथा निरीक्षण अनुगमन पुस्तिका राख्नु पर्नेछ ।

७) सम्झौताको समाप्ती

७.१ यो सम्झौताको समयावधि समाप्त भए पश्चात सम्झौताको म्याद थप नभएमा सम्झौता स्वतः समाप्त भएको मानिने छ ।

७.२ दोस्रो पक्षले चमेना गृह संचालन गरे वापत मासिक रुपमा प्रथम पक्षलाई बुझाउनु पर्ने अग्रिम संचालन शूल्क ने.रु .... लगातार तिन महिना सम्म पनि नबुझाएमा प्रथम पक्षले सम्झौता रद्द गर्न सक्ने छ ।

७.३ दोस्रो पक्षले ग्रोसरी सपबाट उपलव्ध गराउने सम्पुर्ण खाध्य सामाग्री लगायतका वस्तुहरुमा गुणस्तरको समस्या वा कैफियत देखिएमा प्रथम पक्षले यो सम्झौता रद्द गर्न सक्ने छ तर यसको सूचना दोस्रो पक्षलाई ३० (तीस) दिन अगावै दिनु पर्नेछ ।

७.४ ग्रोसरी सपको संचालन सन्तोषजनक नभएमा, सम्झौता पत्र बमोजिम भएको नपाईएमा तथा सम्झौताको कुनै एक पक्षले सम्झौता अवधी पुरा नहुंदै सम्झौता रद्ध गर्नुपर्ने भएमा कारण सहित ३० (तीस) दिन अगावै जानकारी दिई सम्झौता रद्ध गर्न सक्नेछ ।

७.५ ग्रोसरी सप संचालन सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिमको मापदण्ड पुरा नभएमा बिशेष अनुगमन समितिबाट सिफारिस भइ आएमा समेत सम्झौता रद्द हुन सक्नेछ ।

८. दायित्व र क्षतिपूर्ति

८.१ ग्रोसरी सपमा कार्यरत आफ्ना सम्पुर्ण कर्मचारी तथा कामदारहरुको वीमा लगायतको सम्पुर्ण खर्चको जिम्मेवारी दोश्रो पक्ष स्वयंमको हुनेछ । यस बिषयमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

८.२ ग्रोसरी सप सञ्चालन गर्दा असावधानी वा लापरवाहीपूर्वक सञ्चालन गरेको कारणबाट व्यक्ति तथा कार्यालयलाई पर्न जाने सम्पुर्ण क्षतिको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८.३ करारका पक्षहरुको अन्य दायित्व र क्षतिपुर्ति सम्बन्धमा करार ऐन बमोजिम हुनेमा दुवै पक्ष मन्जुर गर्दछौं ।

९. ग्रोसरी सप संचालन अवधि समाप्त भएमा वा अवधि नपुगी कुनै पनि बेला सम्झौता रद्द भएमा दोस्रो पक्षले ग्रोसरी सप संचालन गर्दा लगानी गरी प्रयोगमा ल्याएका सामानहरु मध्ये पून: प्रयोगमा आउन सक्ने तथा उठाएर अन्यत्र लैजान नमिल्ने सामानहरुको सम्बन्धमा मुल्याङ्कन समिती गठन गरी सो समितिबाट निर्धारित दर रेटमा नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प,पोखराले रकम उपलब्ध गराइ सामान लिन सक्नेछ ।

१०. निम्न लिखित कागजातहरु यो सम्झौताको अंगको रुपमा रहेका छन र तिनीहरुलाई यो सम्झौतासंगै पढिने र अर्थ लगाईने छ ।

(१) कार्यालयले प्रस्तावदातालाई दिएको सञ्चालन स्वीकृतिको सूचना

(२) प्रस्तावदाताले पेश गरेको प्रस्ताव पत्र

(३) सम्झौता करारका शर्तहरु

११. यो सम्झौता पत्रमा संशोधन, हेरफेर तथा थपघट गर्न आवश्यक भएमा दुवै पक्षको सहमतिमा आवश्यकता अनुसार संशोधन हेरफेर तथा थपघट गर्न सकिनेछ ।

यो करारनामा करार गर्ने हामी दुबै पक्षको रोहवरमा नेपाल प्रहरी कल्याण कोष पेट्रोल पम्प पोखरामा लेखबद्ध गरियो ।

प्रहरी कल्याण कोष पेट्रोल पम्प
स्थापित
२०८२
पोखरा, कास्की

१२. पक्षहरु

ग्रोसरी सप सञ्चालकको पक्षबाट :-

दस्तखत ....

फर्मको नाम:...............

व्यक्तिको नाम: ....

व्यक्तिको फर्मको दर्जा :....................................

फोन नम्बर : ....

इमेल आईडी :...........

मिति: २०८२।.......।........ गते।

साक्षीहरु :-

(१)

(२)

(३)

प्रहरी कल्याण कोषपेट्रोल पम्प पोखराका पक्षबाट :-

दस्तखत......................

नाम:..........

दर्जा: ....

फोन नम्बर :....................

इमेल आईडी :..........

मिति २०८२।......।..... गते।

ईति सम्बत २०८२ साल .... महिनाको......... गते रोज .... शुभम् ।